# आ.व. २०८१/ ८२ को स्वास्थ्य कार्यक्रमहरुको
# प्रदेश स्तरीय वार्षिक समीक्षा गोष्ठी
# राप्ती घोषणा पत्र २०८२

**आ.व.२०८१/८२ मा लुम्बिनी प्रदेश स्वास्थ्य क्षेत्रको सम्पादित कार्यक्रमहरुको वार्षिक समीक्षा, दोस्रो आवधिक योजना २०८१/८२ -२०८५/८६, स्वास्थ्य नीति २०७७ ले निर्देशित गरे बमोजिम प्रदेशको प्रमुख स्वास्थ्य चुनौतीको रुपमा रहेको मातृ मृत्यु, कुपोषण, नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्याको भार न्यूनिकरण तथा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको सुदृढीकरणको लागि स्थानीय तह र स्वास्थ्यका बृहत निर्धारकहरुलाई सम्बोधन गर्न, सरोकारवाला निकायहरुसँग समन्वय गरी "स्वस्थ मानव पुँजी युक्त समृद्ध प्रदेश : खुसी नागरिक"को नारालाई मुर्तरुप दिनको लागि यस घोषणा पत्र लागू गर्न प्रतिबद्ध छौं ।**

१. मन्त्रालय मातहतका सम्पूर्ण संस्थामा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई पद/तह अनुसार नेपाल सरकारले तोके बमोजिम तलव स्केल उपलब्ध गराईने र क्रमशः निजी तथा सामुदायिक अस्पतालहरुमा समेत सोही व्यवस्था कार्यान्वयन गर्न पहल गरिनेछ ।

२. प्रदेश सरकार मातहतका सबै अस्पतालका विकास समिति अन्तरगत रहेका अस्पतालको वित्तीय, मानव संशाधन तथा सेवा प्रवाहलाई सुदृढिकरणका लागि कार्यविधि तयार गरि लागु गरिनेछ साथै गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवाको सुनिश्चितताको लागि अस्पतालहरुमा रहेको विरामीको चापका आधारमा आवस्यक जनशक्तिको व्यवस्था मिलाइनेछ ।

३. सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य सुधार गर्न प्रदेशका स्थानीय तहहरुसँगको सहकार्यमा विशेष कार्यक्रम (ANC to PNC continuum of care) संचालन गरिनेछ साथै ग्रामिण अल्ट्रासाउड कार्यक्रम विस्तारका लागि आवश्यक उपकरण र तालिम मार्फत सेवाको विस्तार गरिनेछ । फ्यामिलि हेल्थ प्रोफाइल कार्यक्रमलाई स्थानीय तहहरुसंगको समन्वय र सहकार्यमा थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४. निजी अस्पतालहरुबाट प्रदान गरिने सेवाको गुणस्तर र विपन्न तथा असहाय नागरिकलाई सेवा प्रदान गर्न बेड लगाएत अन्य सेवामा कम्तिमा १०% निःशुल्क सेवा सुनिश्चितता र अभिलेख अध्यावधिक तथा प्रतिबेदनको व्यवस्था मिलाई निजी स्वास्थ्य संस्थाहरुको दर्ता तथा नविकरणसंग आवद्ध गर्न सहजिकरण गरिनेछ ।

५. प्रदेश स्तरिय स्वास्थ्य सम्बन्धी सेमिनारको आयोजना गर्ने र ती कार्यक्रमहरुले तय गरेका नविनतम अभ्यास र क्रियाकलापहरुलाई प्रदेशको स्वास्थ्य अवस्था सुधार गर्न अवलम्बन गरिनेछ ।

६. मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना अनुसार आवश्यकताको आधारमा मनोसामाजिक परामर्शकर्ताको व्यवस्था तथा क्षमता अभिवृद्धि गरी सेवा विस्तार गरिनेछ ।

७. नसर्नेरोगको पहिचानका लागि स्थानीय तहहरुसँग समन्वय र सहकार्यमा प्रदेशका ३० वर्ष माथिका ५ लाख जनसंख्यालाई उच्च रक्त चाप, मधुमेह र मृगौलाको परीक्षण तथा उपचारको लागि समन्वय गरिनेछ ।

८. प्रदेशका औपचारिक क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई अनिवार्य रुपमा स्वास्थ्य विमामा आवद्ध गरी सेवा प्राप्तिमा सहजिकरण गरिनेछ ।

९. लुम्विनी प्रदेशका १६ वटा सरकारी अस्पतालहरुमा जन्मिने बच्चाहरुको जन्म दर्तालाई व्यबस्थित गर्न BRMS (Birth registration system) प्रणालीमा आबद्ध गर्ने र मातृ तथा नवशिशु स्वास्थ्यको सूचकका आधारमा मातृ तथा शिशु स्वास्थ्य कार्डलाई पाइलोटिङका रुपमा विस्तार गरिनेछ ।

१०. स्वर्ण विन्दु प्राशन कार्यक्रमलाई सबै जिल्लासम्म र खुल्ला व्यायामशालालाई क्रमशः सबै स्थानीय तहमा विस्तार गर्दै लगिनेछ साथै प्रदेशमा रहेका आयूर्वेद केन्द्रहरुमा शःशुल्क फार्मेसी क्रमशः विस्तार गरिनेछ ।लुम्विनी आयुर्वेद चिकित्सालयलाई पंञ्चकर्म प्रेषण केन्द्रका रुपमा संचालन गरिनेछ ।

११. प्रदेश भित्र संचालनमा रहेका सबै एम्वुलेन्स सेवाको गुणस्तर सुनिश्चितताका लागि दर्ता, नविकरण र GPS मार्फत नियमित अनुगमन गरिनेछ ।

१२. मन्त्रालय मातहतका कार्यालयहरुमा सुशासन र आन्तरिक नियन्त्रण प्रणाली सुदृढिकरणका लागि GIOMS प्रणाली र कार्यालयहरुको आवधिक बैठकहरु संचालन गरी लिखित प्रतिबेदन गर्ने व्यबस्था मिलाइनेछ ।

१३. GIS data analysis का आधारमा तयार गरीएको सूचनालाई प्रयोग गरी स्थानीय तहमा कम उपयोगमा रहेका बर्थिङ सेन्टरहरुलाई उपयुक्त स्थानमा गुणस्तरीय वर्थिङ सेन्टर स्थापनाका लागि स्थानीय तहहरुलाई सहजिकरण गरिनेछ ।

१४. साझेदार संस्थाहरुसँगको सहकार्यमा प्रदेश मातहतका रोल्पा, अर्घाखाँची, भालुवाङ र पृथ्विचन्द्र अस्पतालमा पूर्ण रुपमा विद्युतिय अभिलेख प्रणाली (EMR) स्थापनाका गरिनेछ साथै स्थानीय तहका स्वास्थ्य संस्थाहरु र प्रदेश भित्रका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा विद्युतीय स्वास्थ्य सूचना प्रणाली (eHMIS/eAHMIS) क्रमशः विस्तार गरिनेछ ।

१५. स्थानीय तहसंगको सहकार्यमा समुदायमा जनस्वास्थ्यका क्रियाकलापहरुको आधार स्तम्भ नमुनाको रुपमा जनस्वास्थ्यमैत्री स्थानीय शासन कार्यक्रमको सुरुवात गर्ने नीतिगत व्यबस्था गरिनेछ।

१६. साझेदार संस्थाको सहकार्यमा बालबालिकाको पोषण अवस्थाको बस्तु स्थिती थाहा पाउनका लागि पोषण सर्वेक्षण र व्यबस्थापनलाई प्रभावकारी रुपमा संचालन गरिनेछ साथै अस्पतालमा healthy nutrition स्वास्थ्य परामर्श समेतको Audio Visual राख्न पहल गरिनेछ ।